14th March, 2026

National News

---

प्रमुख समाचार

1. प्रधानमन्त्री नरेन्द्र मोदीले आज कोलकातामा लगभग 18,680 करोड रुपैयाँ बराबरका धेरै विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो। यस अवसरमा, प्रधानमन्त्रीले यी सबै परियोजनाहरूले पश्चिम बंगाल राज्यको मात्र नभई, सम्पूर्ण पूर्वी क्षेत्रको विकासलाई नयाँ गति प्रदान गर्नेछन, भन्नुभयो ।

2. प्रधानमन्त्री नरेन्द्र मोदीले आसामको सिलचरबाट 23 हजार 550 करोड रुपैयाँ बराबरका विभिन्न विकास परियोजनाहरूको सुरुवात गर्नुभयो।

3. केन्द्रीय गृहमन्त्री अमित शाहले आज पंजाबको मोगा जिल्लाबाट राज्यमा अर्को वर्ष हुने विधानसभा चुनावको लागि भाजपाको चुनावी अभियानको थालनी गर्नुभयो।

4. भारतीय भारतीय ध्वजधारी दुई जहाज शिवालिक र नंदादेवीले आज बिहान सुरक्षित रुपमा होर्मुज़ जलडमरूमध्य पार गरेका छन्। बन्दरगाह, ढुवानी तथा जलमार्ग मन्त्रालयका विशेष सचिव राजेश कुमार सिन्हाले यी जहाजहरूले 92 हजार 700 मेट्रिक टन एलपीजी बोकेको जानकारी दिए।

5. सरकारले सोनम वाङचुकको हिरासत तत्काल प्रभावसित लागू हुनेगरी रद्द गरेको छ।

6. FIH महिला हक्की विश्वकप क्वालीफायरको फाइनलमा भारतले इङ्गल्याण्डको सामना गर्नेछ। खेल 7:30 बजे तेलंगानामा शुरु हुँदैछ ।

प्रधानमन्त्री-सिलचर

प्रधानमन्त्री नरेन्द्र मोदीले आसामको सिलचरबाट 23 हजार 550 करोड रुपैयाँ बराबरका विभिन्न विकास परियोजनाहरूको सुरुवात गर्नुभयो। श्री मोदीले सिलचरको अम्बिकापुरमा तीन परियोजनाहरूको 'भूमिपूजन' गर्नुभयो। यी हुन्, 22 हजार 8 सय 64 करोड रुपैयाँको अनुमानित लागतमा सिलचर हाई-स्पीड करिडोर, लगभग 5 सय 65 करोड रुपैयाँको अनुमानित लागतमा सिलचर टाउन फ्लाईओभर र एक सय 22 करोड रुपैयाँको अनुमानित लागतमा पाथरकंडी कृषि महाविद्यालय।_यस अवसरमा बोल्दै, श्री मोदीले, दक्षिणी

आसामको बाराक उपत्यका भारतलाई दक्षिणपूर्व एशियासँग जोड्ने महत्त्वपूर्ण पुलको रूपमा उदाउँदैछ, भन्नुभयो। पूर्वाधार विकासलाई उजागर गर्दै, प्रधानमन्त्री मोदीले सिलचर-शिलोङ उच्च-गति करिडोरको शिलान्याससँगै ऐतिहासिक कदम चालिएको बताउनुभयो। यो परियोजना पूर्वोत्तरमा पहिलो पहुँच-नियन्त्रित उच्च-गति एक्सप्रेसवे हुनेछ। उहाँले भन्नुभयो,

लगभग 22 हजार 860 करोड रुपैयाँको लगानी भएको 166 किलोमिटर लामो यो करिडोरले मेघालय र असम बीचको सम्पर्क सञ्जालमा उल्लेखनीय सुधार ल्याउनेछ।

यो परियोजनाले गुवाहाटी र सिलचर बीचको दूरी र यात्रा समय लगभग ५ घण्टा घटाउनेछ, जसले गर्दा यस क्षेत्रमा आर्थिक वृद्धि र सीमापार व्यापार बढ्नेछ प्रधानमन्त्रीले भन्नुभयो। श्री मोदीले थप भन्नुभयो, क्यापिटल पोइन्ट नजिकैको ट्रंक रोडबाट सिलचरको रंगीरखारी पोइन्ट (चरण-१) सम्म NH-306 मा रहेको उन्नत करिडोरले सिलचरको सबैभन्दा व्यस्त सडकहरु मध्ये एकमा भीडभाड कम गर्नेछ, मिजोरम, त्रिपुरा र मणिपुर जस्ता छिमेकी राज्यहरूसँग सम्पर्क सञ्जालमा सुधार गर्नेछ र बाराक उपत्यकाको आर्थिक विकासमा योगदान पुऱ्याउनेछ ।_प्रधानमन्त्रीले करीमगञ्ज जिल्लाको पथारकंडीमा नयाँ कृषि कलेजको शिलान्यास पनि गर्नुभयो। यस संस्थाले आसाममा कृषि शिक्षा र अनुसन्धानको पारिस्थितिक प्रणालीलाई सुदृढ बनाउनेछ र बाराक उपत्यका र छिमेकी क्षेत्रका विद्यार्थीहरुलाई घर नजिकै उच्च गुणस्तरको कृषि शिक्षामा पहुँच प्रदान गर्नेछ।_विश्वभर व्याप्त युद्धको अवस्थाको बारेमा, प्रधानमन्त्रीले भन्नुभयो, भाजपा सरकारले देशका नागरिकहरूलाई सकेसम्म कम कठिनाइहरूको सामना गर्न सुनिश्चित गर्न हरसम्भव प्रयास गरिरहेको छ।

---

<u>शाह पञ्जाब रैली</u>

केन्द्रीय गृहमन्त्री अमित शाहले आज पंजाबको मोगा जिल्लाबाट राज्यमा अर्को वर्ष हुने विधानसभा चुनावको लागि भाजपाको चुनावी अभियानको थालनी गर्नुभयो। किल्ली चहलान गाउँमा 'बदलाव रैली' नामक रैलीलाई सम्बोधन गर्दै, सत्तामा आएमा, भारतीय जनता पार्टीले 2 वर्ष भित्र राज्यलाई लागूपदार्थ मुक्त बनाउनेछ र विधानसभामा विधेयक ल्याएर धर्मातरणलाई कानुनी रूपमा रोक्नेछ, भनि उहाँले आश्वासन दिनुभयो।

पञ्जाबमा बढ्दो अपराध, लागूपदार्थ, धर्म परिवर्तन, लागि भ्रष्टाचार र किसानहरुको दयनीय स्थितिको तवर्तमान आम आदमी सरकार दोषी रहेको भन्नुभयो। राज्यका जनतालाई यी खतराहरूबाट मुक्त गर्न र समृद्धिमा फर्काउन भाजपाको डबल इन्जिन सरकारलाई सत्तामा ल्याउन श्री शाहले आह्वान गर्नुभयो।

---

प्रधानमन्त्री कोलकाता परियोजनाहरु

प्रधानमन्त्री नरेन्द्र मोदीले आज कोलकातामा लगभग 18,680 करोड रुपैयाँ बराबरका धेरै विकास परियोजनाहरुको उद्घाटन र शिलान्यास गर्नुभयो। यस अवसरमा, प्रधानमन्त्रीले यी सबै परियोजनाहरूले पश्चिम बंगाल राज्यको मात्र नभई, सम्पूर्ण पूर्वी क्षेत्रको विकासलाई नयाँ गति प्रदान गर्नेछन, भन्नुभयो। सडक पूर्वाधारलाई ठूलो प्रोत्साहन दिँदै उहाँले 420 किलोमिटर भन्दा बढीको कुल लम्बाइ भएका धेरै राष्ट्रिय राजमार्ग परियोजनाहरूको शिलान्यास गर्नुभयो, जसको लागत लगभग 16,990 करोड रुपैयाँ बराबर छ। उद्घाटन भइरहेका परियोजनाहरूमा पश्चिम बंगाल र झारखण्डमा राष्ट्रिय राजमार्ग-19 र पश्चिम बंगालमा राष्ट्रिय राजमार्ग-114 का खण्डहरू समावेश छन्। यी परियोजनाहरूले सडक सुरक्षा बढाउने, यात्रा समय घटाउने, भीडभाड र प्रदूषण कम गर्ने, क्षेत्रीय सम्पर्क सुधार गर्ने, पर्यटनलाई प्रवर्धन गर्ने र क्षेत्रमा आर्थिक वृद्धि बढाउने अपेक्षा गरिएको छ। प्रधानमन्त्रीले धेरै नयाँ राष्ट्रिय राजमार्ग परियोजनाहरूको पनि शिलान्यास गर्नुभयो। यसमा राष्ट्रिय राजमार्ग -116A को 231 किलोमिटर लामो चार

लेनको खड्गपुर-मोरेग्राम आर्थिक करिडोर खण्डका पाँच प्याकेजहरू समावेश छन्। यो परियोजना खड्गपुर र सिलिगुडी बीचको आर्थिक करिडोरको एक हिस्सा हो र पश्चिम बंगालको पश्चिम मेदिनीपुर, बांकुरा, हुगली, पूर्वी बर्धमान, बीरभूम र मुर्शिदाबाद जिल्लाहरुबाट हुँदै जानेछ । खड्गपुर-मोरेग्रामको प्रत्यक्ष कनेक्टिभिटीले यात्रा दूरी लगभग १२० किलोमिटर घटाउनेछ र लगभग सात देखि आठ घण्टाको यात्रा समय बचत गर्नेछ। यो करिडोरले राष्ट्रिय राजमार्ग-16, 19, 14 र 12 लगायत प्रमुख राष्ट्रिय राजमार्गहरूसँग पनि एकीकृत हुनेछ, जसले गर्दा बहु-करिडोर कनेक्टिभिटी बलियो हुनेछ। भ्रमणको क्रममा, प्रधानमन्त्रीले धेरै ढुवानी र बन्दरगाहसँग सम्बन्धित परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो। उहाँले हल्दिया डक कम्प्लेक्समा बर्थ नम्बर २ को यान्त्रीकरण परियोजनाको उद्घाटन गर्नुभयो, जसले कुशल, छिटो र पर्यावरण अनुकूल माल ढुलाई संभव हुनुसक्नेछ। यस परियोजनाले रोजगारी

सिर्जना पनि गर्नेछ। रेलवे क्षेत्रमा, प्रधानमन्त्रीले पुरुलिया-आनन्द विहार टर्मिनल (दिल्ली) एक्सप्रेसलाई झण्डा देखाउनुहुनेछ, जसले पश्चिम बंगाल, उत्तर प्रदेश, बिहार, झारखण्ड र राष्ट्रिय राजधानी क्षेत्र बीचको रेल सम्पर्कलाई सुदृढ गर्नेछ।

यी प्रधानमन्त्रीले अमृत स्टेशन योजना अन्तर्गत छवटा पुनर्विकसित रेलवे स्टेशनहरूको उद्घाटन गर्नुभयो। यी स्टेशनहरूमा कामाख्यागुडी, अनारा, तामलुक, हल्दिया, बाराभूम र सिउरी समावेश छन्। प्रधानमन्त्रीले दुई रेलवे परियोजनाहरू राष्ट्रलाई समर्पित गर्नुभयो ।

परियोजनाहरूले रेल सुरक्षा र समयनिष्ठतामा सुधार गर्नेछन्, भीडभाड कम गर्नेछन् र यस क्षेत्रमा यात्रुहरूको लागि यात्राको समग्र सहजता बढाउनेछन्। यी पहलहरूले पश्चिम बंगाल र पूर्वी भारतमा पूर्वाधार सुदृढीकरण, कनेक्टिभिटी बढाउने र आर्थिक वृद्धिलाई तीव्र पार्ने सरकारको निरन्तर प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछन् ।

भेलालाई सम्बोधन गर्दै श्री मोदीले भन्नुभयो, यी परियोजनाहरूले पश्चिम बंगाल र पूर्वी भारतलाई नयाँ गति दिनेछन्, व्यापार र उद्योगलाई बढावा दिनेछन्, लाखौं मानिसहरूको जीवन सजिलो बनाउनेछन् र उनीहरूका लागि नयाँ अवसरहरू खोल्नेछन् ।

---

अन्तरमन्त्रालय ब्रीफिंग

भारतीय भारतीय ध्वजधारी दुई जहाज शिवालिक र नंदादेवीले आज बिहान सुरक्षित रूपमा होर्मुज़ जलडमरूमध्य पार गरेका छन् । बन्दरगाह, ढुवानी तथा जलमार्ग मन्त्रालयका विशेष सचिव राजेश कुमार सिन्हाले आज साँझ नयाँ दिल्लीमा अन्तर-मन्त्रालय मिडिया ब्रीफिंगलाई सम्बोधन गर्दै यसबारे जानकारी दिए। उनले यी जहाजहरूले 92 हजार 700 मेट्रिक टन एलपीजी बोकेको उल्लेख गरे। श्री सिन्हाले थप जानकारी दिए कि जहाजहरू यस महिनाको 16 र 17 तारिखमा मुन्द्रा र कान्डला बन्दरगाहमा आइपुग्नेछन् ।

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी संयुक्त सचिव सुजाता शर्माले कुनै पनि खुद्रा पसल वा एलपीजी वितरण केन्द्रमा कमी नभएको र पर्याप्त डिजेल र पेट्रोल उपलब्ध रहेको जानकारी दिइन्।

उनले थपिन् कि देशमा पर्याप्त कच्चा तेलको भण्डार छ। एलपीजी सिलिन्डरको कालोबजारी र जम्मा गर्ने नियन्त्रण गर्न विभिन्न राज्य सरकारहरुद्वारा छापा र निरीक्षण पनि भइरहेको छ।

परराष्ट्र मन्त्रालयका खाडी क्षेत्रका अपर सचिव असीम महाजनले जानकारी दिए गत महिनाको २८ तारिखदेखि पश्चिम एसिया क्षेत्रबाट १ लाख ७२ हजार भारतीय नागरिकहरू घर फर्किएका छन् । उनले थपे कि देशका विभिन्न विमानस्थलहरूमा थप उडानहरू थपिएसँगै हवाई सम्पर्कमा निरन्तर सुधार भइरहेको छ। श्री महाजनले भने कि ओमान, सउदी अरेबिया, युएई र कतरबाट उडानहरू सञ्चालन भइरहेका छन्।

सूचना तथा प्रसारण मन्त्रालयका संयुक्त सचिव, सी सेन्थिल राजनले सामाजिक सञ्जालमा फैलाइएका झूटा समाचारहरूबाट सतर्क रहन मानिसहरूलाई आग्रह गरे।

---

## सोनम वाङ्चुक-एनएसए खारेज

सरकारले सोनम वाङ्चुकको हिरासत तत्काल प्रभावसित लागू हुनेगरी रद्द गरेको छ। गत वर्ष सेप्टेम्बरमा राष्ट्रीय सुरक्षा अधिनियम - एनएसए अंतर्गत वांगचुकलाई हिरासत मा लिएको थियो। गृह मन्त्रालयले भन्यो कि सोनम वाङ्चुकलाई गत वर्ष लेह् शह्रमा उत्पन्न गम्भीर कानून व्यवस्थाको स्थितिको पृष्ठभूमिमा नजरबन्द गरिएको थियो। गृह मन्त्रालयले भन्यो कि सरकार लद्दाखमा शान्ति, स्थिरता र पारस्परिक विश्वासको जसले वातावरण प्रवर्धन गर्न प्रतिबद्ध छ ताकि कि सबै सरोकारवालाहरूसँग रचनात्मक र अर्थपूर्ण संवादलाई सहज बनाइयोस्।

---

## FIH हक्की विश्वकप

FIH महिला हक्की विश्वकप छनोटको गर्नेछ। खेल आज तेलंगानामा दुवै फाइनलमा भारतले इङ्गल्याण्डको सामना आज साँझ ७:३० बजे है । दुवै टोली प्रतियोगितामा अहिलेसम्म अपराजित छन् । मनीषा चौहानको गोलले भारतलाई इटालीलाई १-० ले हराउँदै फाइनलमा पुग्न मद्दत गर्यो। यो जितसँगै भारतले विश्वकपमा आफ्नो स्थान सुरक्षित गरेको छ।

---